सर्वोच्च अदालत, संवैधानिक इजलास
सम्माननीय प्रधान न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
माननीय न्यायाधीश श्री कुमार रेग्मी
माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी
माननीय न्यायाधीश श्री विनोद शर्मा
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी

आदेश

०८२-WC-०११७

विषयः उत्प्रेषण।

नेपाली कांग्रेस राष्ट्रिय सभा संसदीय दलको नेता कमला देवी पन्तसमेत -------१ निवेदक

विरूद्ध

सङ्घीय संसद सचिवालय, सिंहदरबार, काठमाडौंसमेत -------------------------१ विपक्षी

प्रस्तुत निवेदनमा मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री राधेश्याम अधिकारी, श्री हरिहर दाहाल, श्री टिकाराम भट्टराई, श्री सिताराम के.सी. श्री युवराज भण्डारी र श्री यदुनाथ खनाल एवम् विद्वान् अधिवक्ताहरु श्री सेमन्त दाहाल, श्री प्रमिस खनाल र श्री रोशन नेपालले प्रस्तुत गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत खुलाई सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ बमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७(सात) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जबाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी लिखित जबाफ प्राप्त भएको वा लिखित जबाफ पर्ने अवधि व्यतित भएको १५ (पन्ध्र) दिन भित्र प्राथमिकतामा पर्ने गरी अग्राधिकार दिई नियमानुसार पेश गर्नू।

निवदेकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा, रिट निवेदकले प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १४० को उपनियम (११) मा उल्लेख गरिएको संविधान

संशोधन एवम् प्रमाणीकरणको प्रावधान तथा नियम २५९ को उपनियम (१) मा उल्लेख गरिएको यो नियमावली सङ्घीय कानूनको रुपमा विशेष कानून सरह लागू हुने भन्ने समेत प्रावधान नेपालको संविधानको धारा १, १०४(१), २७४ समेतको विपरीत हुँदा नियमावलीका उक्त प्रावधानहरु हाल कार्यान्वयन नगरी यथास्थितिमा राखू भनी अन्तरिम आदेश माग गरेको देखिन्छ।

नेपालको संविधानको धारा १ बमोजिम नेपालको संविधान नेपालको मूल कानून हुने भई संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुने साथै यो संविधानको पालना गर्नू प्रत्येक व्यक्तिको कर्तव्य हुने व्यवस्था रहेको छ। नेपालको संविधानको धारा १०४ को उपधारा (१) बमोजिम सङ्घीय संसदको प्रत्येक सदनले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, काम, कारवाही र कुनै सदन वा समितिको कार्यविधि नियमित गर्न नियमावली बनाउन सक्ने तथा धारा २७४ बमोजिम संविधान संसोधनको विधि र प्रकृयासमेत निर्धारित भएकोमा उक्त संवैधानिक प्रावधान तथा नेपालको संविधानको धारा ८३ बमोजिम अवलम्बन गरिएको द्विसदनात्मक संसदीय प्रणाली अन्तर्गत धारा १०४ अनुसारकै अख्तियारी प्रयोग गरी बनाईएको राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२९ मा व्यवस्था भएको संविधान संशोधन विधेयकको कार्यविधिसमेतसँग विरोधाभाष एवं प्रतिकूल हुने गरी प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १४० को उपनियम (११) मा संविधान संसोधनको प्रकृया तथा प्रमाणीकरणको विधि उल्लेख भएको साथै विधायिकाले बनाएको विषयगत ऐनहरुको व्यवस्थासमेत निस्कृय (supersede) हुने गरी बनाइएको नियम २५९ को व्यवस्था उल्लेखित संवैधानिक प्रवन्धको प्रतिकूल रहेको भन्ने प्रथम दृष्टि (prima facie) मा देखिएको र उक्त नियमावलीको व्यवस्था कार्यान्वयन भएमा संवैधानिक प्रावधानमा अपूरणीय क्षति (irreparable damage) पुग्न जाने एवं रिट निवेदकको पक्षमा सुविधा सन्तुलन (balance of convenience) को स्थितिसमेत देखिँदा प्रतिनिधि सभाद्वारा मिति २०८३।०२।१७ मा पारित प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १४० को उपनियम (११) र नियम २५९ हाल कार्यान्वयन नगरी यथास्थितिमा राखू भनी प्रत्यर्थीहरुको नाममा सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (४) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी प्रत्यर्थीहरुलाई दिई नियमानुसार गर्नु।

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश प्रधान न्यायाधीश

इति संवत् २०८३ साल भदौ महिना ३१ गते रोज ४ शुभम् ---------------------------।